# चार पाङ्ग्रे हलुका सवारी साधन (कार) आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आहवानको सूचना

(प्रथम पटक गोरखापत्रमा प्रकाशित मिति २०७३/०२/१६)

१. कोषको लागि बोलपत्र फाराममा उल्लिखित स्पेसीफिकेसन अनुसारका सुविधायुक्त कार ( Hatch Back Car) - थान ८ (आठ) खरिद गर्नुपर्ने भएकोले सोसंग सम्बन्धित निर्माता कम्पनी वा अधिकृत बिक्रेता वा एजेन्सी फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न हुन सूचित गरिन्छ ।

२. बोलपत्रदाताले कुनै एक वा सबै प्याकेजको लागि बोलपत्र पेश गर्न सक्नेछ । बोलपत्रदाताले बोलपत्र फाराममा सम्पूर्ण कुराहरु नछुटाई भरी कामको परिमाणसूचीमा अंक र अक्षर दुवैमा स्पष्टसंग कवोल मूल्य भरी सबै पानामा सहीछाप गरी खामबाहिर **"हलुका सवारी साधन (कार) आपूर्ति गर्ने सम्बन्धी बोलपत्र"** उल्लेख गरी सिलबन्दी (लाहाछाप) गरी बुझाउनु पर्नेछ ।

३. बोलपत्रदाताले बोलपत्रसाथ बोलपत्र जमानत वापत रु ४,१०,०००/– कोषको नाममा रहेका (नेपाल इन्भेष्टमेन्ट वैंक, पुल्चोकस्थित खाता नं. ७००४९००) मा नगदै जम्मा गरी सोको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद कायम रहने गरी मान्यता प्राप्त वाणिज्य बैंकबाट कोषको पक्षमा जारी भएको शर्तरहितको बैक ग्यारेण्टी सक्कलै पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय वमोजिम हुनेछ :

(क) बोलपत्र फाराम यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मिति २०७३/०२/१६ ले ३० (तीस)औ दिन (२०७३/०३/१३) कार्यालय समयभित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) बोलपत्र फारम खरिद गर्न आउदा सम्बन्धित फर्म वा कम्पनीको आधिकारिक निवेदन सहित रु. ३,०००/- (फिर्ता नहुने) कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैक पुल्चोकस्थित खाता नं. ७००४९०० मा नगदै जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

(ग) गोरखापत्रमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन(२०७३/०३/१४) गते दिनको १२:१५ बजेभित्र कोषको पुल्चोक स्थित खरिद शाखामा आई पुग्ने गरी बोलपत्र फारम वुझाई सक्नु पर्नेछ ।

(घ) प्राप्त बोलपत्रहरु ३१ औं दिन दिनको २.०० वजे कोषको केन्द्रीय कार्यालय, खरिद शाखा पुल्चोकमा उपस्थित वोलपत्रदाता वा बोलपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता अनुपस्थित भएपनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(ङ) यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २० औं दिन (२०७३/०३/०३) दिनको १२.०० वजे कोषको खरिद शाखा, पुल्चोकमा Pre-Bid Meeting हुनेछ ।

(च) उल्लिखित मितिमा विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा उक्त कार्यहरु हुनेछन् ।

५. बोलपत्रदाताले आपूर्ति गर्ने मालसामान कोषले तोकेको स्पेशीफिकेशन वमोजिमको हुनुपर्नेछ र उक्त मालसामान कोषको केन्द्रीय कार्यालयमा नै आपूर्ति गर्नु पर्ने छ ।

६. बोलपत्रदाताले फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र**,** मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व.२०७१।७२ को कर चुक्ता प्रमाणपत्र र आधिकारिक विक्रेता/एजेन्सीको प्रमाणपत्रको प्रतिलिपिको साथै खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको व्यहोराको स्व-घोषणापत्र लगायतका कागजातहरु बोलपत्रसाथ संलग्न गर्नु पर्नेछ ।

७. सिलबन्दी भै नआएको, म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, योग्यताका आधारहरु पूरा नभएको, पर्याप्त धरौटी समावेश नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. प्राप्त बोलपत्रहरु आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कोषमा नै सुरक्षित रहनेछ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नुपर्ने कार्यहरु बोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र कर्मचारी संचय कोष (खरिद) नियमावली, २०६८ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारीको आवश्यकता परेमा कोषको पुल्चोकस्थित खरिद शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०. यो सूचना कोषको वेभसाइट **www.epfnepal.com.np** मा पनि हेर्न सकिने छ ।

श्री सि.डि.सि ग्रुप प्रा. लि.
उपरोक्त कोषको सूचना
मिति २०७३/२/१६ गते र १८ गतेको
गोरखापत्रको भित्रि पृष्ठमा प्रकाशित
गरिदिने व्यवस्था हुन

**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर**
फोन नं. ५०१०१६७